# बैठक नं. ४२

आज मिति २०७५ माघ १३ गते आइतबार दिउसो २ बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. २ स्थित नगरपालिकाको सभाकक्षमा वसी देहाय बमोजिमको उपस्थिति भयो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सदस्य सचिव | श्री निरन्जन श्रेष्ठ | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानीयाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, ब.ले.अ. | श्री सानुबाबु परियार | |
| २३ | आमन्त्रित, आ.टी.अ. | श्री परशुराम चौलागाईँ | |

निर्णय नं. १

सामान्य प्रशासन समितिको सिफारिसमा यस कार्यालयका भारी सवारी चालक श्री जलप्रसाद महर्जनले पेश गरेको राजिनामा २०७५ साल असोज १ गतेदेखि नै लागु हुने गरि स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २

चालु आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत वार्षिक वजेट, योजना तथा कार्यक्रमहरु मध्ये २०७५ साल माघ मसान्तसम्मको सम्पुर्ण वडा तथा नगरस्तरिय योजना तथा कार्यक्रमहरु, चालु खर्च एवं आयव्ययको वित्तिय तथा भौतिक प्रगतीको समिक्षा, आवश्यकतानुसार नीतिगत समस्याहरुको निरुपणका लागि निर्णयहरु, बजेट तथा कार्यक्रमहरु उपर पुनरावलोकन लगायतका विषयवस्तुमा छलफल गरी निर्णय गर्नका लागि २०७५ साल फागुन ५ गते आइतवारका दिन यस नगरपालिकाको चौथो नगर सभा आयोजना गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

यस नगरपालिकाको "**सम्पदा क्षेत्रमा पर्यटन पुर्वाधारका व्यवसायिक भवन सम्वन्धी मापदण्ड निर्धारण सिफारिस समिति**" देहाय बमोजिम गठन गर्ने र उक्त समितिले १५ दिन भित्र संघीय मापदण्ड, प्रादेशिक मापदण्ड र स्थानीय मापदण्डको प्रतिकुल नहुने गरी पर्यटन पुर्वाधारको विकास निर्माणमा टेवा पुग्ने गरी सिफारिस सहितको प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

(क) नगर प्रमुख, श्री रमेश महर्जन - संयोजक

(ख) वडा नं. १०, वडा अध्यक्ष, श्री अमन महर्जन - सदस्य

(ग) भाषा/ सस्कृति, सम्पदा, ललितकला एवं पर्यटन समितिका संयोजक, श्री रमेशमान डंगोल - सदस्य

(घ) शहरी विकास विज्ञ, श्री अमिर महर्जन -सदस्य

(ङ) नक्सा उप-शाखा प्रमुख, श्री सुरज ओझा -सदस्य

(च) प्राविधिक शाखा प्रमुख, श्री वालकृष्ण महर्जन -सदस्य सचिव

निर्णय नं. ४

Primier Digital Media P. LTD, को मिति २०७५/०९/११ को प्रस्तावना बमोजिम यस नगरपालिकाको गतिविधिहरु, सामाजिक एबं विकास निर्माण लगायतका कार्यक्रमहरु छायांकन, दृष्य सम्पादन गरि टेलिभिजन कार्यक्रम निर्माण र मेघा टेलिभिजन मार्फत चालु आ.व. भित्र समय-समयमा प्रशारण गर्ने गराउने र दुवै पक्षविच सम्झौता गरि सो बापत रु. १,००,०००/- (रु. एक लाख मात्र) सम्म उपलब्ध गराउने अधिकार नगर प्रमुखलाई प्रत्ययोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

यस नगरपालिकाको प.स.०७५/०७६ च.न. ६५० मिति २०७५/०७/२७ मा एकिकृत शहरी विकास केन्द्र (CIUD)लाई प्राविधिक सहयोग सम्वन्धमा गरेको अनुरोध र उक्त केन्द्रको Ref. 54-75/76 मिति २०७५/०७/३० को पत्र समेतका आधारमा यस नगरक्षेत्रको GIS-based Matrix Addressing गरी घर नम्वर उपलव्ध गराउनका लागि सडक/वाटोहरुको नामांकनका लागि GIS Data base तयार गरी Street Map तयार पार्नका लागि आवश्यक प्राविधिक सहयोग उक्त केन्द्रबाट लिने र नगरपालिकाको तर्फबाट उक्त कार्यमा खट्ने सर्भेयरहरुको खाना, खाजा र परिवहन बापत प्रतिव्याक्ति दैनिक रु. ५००(रु. पाच सय मात्र) का दरले उपलब्ध गराउने गरी दुवै पक्षविच सम्झौता र कार्यान्वयन गर्ने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

ऐतिहासिक, धार्मिक, पुरातात्विक र सांस्कृतिक धरोहरहरुको भरिपुर्ण यस नगरपालिकालाई पर्यटकीय नगरका रुपमा विकास गर्दै जाने नगरपालिकाको लक्ष्य अनुसार यस नगर क्षेत्रको मुख्य मुख्य पहिचान झल्कने विषयहरुको तस्विरहरु सहितको ५० पृष्ठको १५०० थान कीर्तिपुर फोटोबुक तयारि, छपाई समेतका लागि Bicha Group , कीर्तिपुर नगरपालिका-८, पाँगाको प्रस्ताव बमोजिम दुवै पक्षविच सम्झौता र कार्यान्वयन गर्ने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

२०७५ माघ २६ गते बागमति लगायत काठमाण्डौ उपत्यकाको नदीहरुको सफाई महा अभियानको ३०० औं सप्ताहको विशेष कार्यक्रम अनुरुप वृहत रुपमा नगर/वडा/टोलहरुमा सरसफाई कार्यक्रम संचालन गर्ने र उक्त कार्यक्रमलाई भव्यतापुर्वक सफल बनाउन नगरवासी/सरसफाई अभियान्ता लगायत सम्पुर्ण तह तप्कालाई अनुरोध गर्ने निर्णय गरियो ।साथै सो कार्यक्रमका लागि सरसफाई समान खरिद, र विविध खर्चका लागि प्रतिवडा रु. १५,०००/-(रु. पन्ध्र हजार मात्र) दरले चालु आ.व. २०७५/०७६ को स्वीकृत बजेट कार्यक्रमको पुजिगत तर्फ खानेपानी तथा सरसफाई अन्तर्गत फोहोरमैला व्यवस्थापन तथा बृहत सरसफाई कार्यक्रम शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो । यस महाअभियानलाई सफल बनाउनका लागि देहाय अनुसारका समितिहरु गठन गर्ने निर्णय गरियो ।

(क)नगर स्तरिय सरसफाई समिति

| | |
|---|---|
| अ)नगर प्रमुख | -संयोजक |
| आ) उप — प्रमुख | -सदस्य |
| इ) वडा अध्यक्षहरु/कार्यपालिका सदस्यहरु | -सदस्य |
| ई) सरसफाई अभियान्ता/सरोकारवालाहरु | -सदस्य |
| उ)नगरपालिका शाखा प्रमुखहरु | -सदस्य |
| ऊ) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य सचिव |

(ख) वडा स्तरिय सरसफाई समिति

| | |
|---|---|
| अ)वडा अध्यक्ष | -संयोजक |
| आ) वडा सदस्यहरु | -सदस्य |
| इ) वडा स्थित सरसफाई अभियान्ता/सरोकारवालाहरु | -सदस्य |
| ई) वडा सचिव | -सदस्य सचिव |

(ग) टोल/वस्ती स्तरीय सरसफाई समिति

| | |
|---|---|
| अ)सम्वन्धित टोलका वडा सदस्य | -संयोजक |
| आ) सम्वन्धित टोलका सरसफाई अभियान्ता/सरोकारवालाहरु | -सदस्य |
| इ) संयोजकले तोकेको एकजना | -सदस्य सचिव |

निर्णय नं. ८

यस नगरपालिका/वडावाट र अन्य निकायहरुको सहयोगमा सञ्चालित योजनाहरुको अनुगमन, निरीक्षण र सुपरीवेक्षण गर्दा नगर स्तरिय योजना अनुगमन तथा सुपरीवेक्षण समितिका पदाधिकारीहरुलाई खाना, खाजा र अन्य खर्च बापत दैनिक रु. १,०००/- (रु. एक हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ९

यस कीर्तिपुर नगरपालिका क्षेत्रमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ को उपदफा (३) बमोजिम नगरपालिकाको पुर्व स्वीकृत नलिई कसैले पनि भवनका लागि जग्गाको खण्डिकरण वा कुनै प्रकारले प्लटिङ गर्ने उद्धेश्यले कुनै प्रकारका ब्याक हो लोडर, डोजर, चेन डोजर, स्काभेटर रोलरहरु लगायतका यान्त्रिक साधनहरु चलाएमा प्रथम पल्ट रु. ५,०००/-(रु. पाँच हजार मात्र), दोस्रो पल्ट रु. १०,०००/- (रु. दश हजार मात्र) र तेस्रो पल्ट रु. ५०,०००/- (रु. पचास हजार मात्र) जरिवाना लिने र त्यसपछि पनि अटेर गरि चलाएमा त्यस्ता यान्त्रिक साधनहरु जफत गरिने निर्णय गरियो ।

निर्णय नं. १०

यही २०७५ चैत्र १४ गते यस नगरपालिकाको २३ औं स्थापना दिवस, ३ नं. प्रदेशका मुख्य मन्त्रीज्यूको प्रमुख आतिथ्यतामा गर्नका लागि आमन्त्रण गर्ने निर्णय गरियो ।